नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः ०८१।८२
चलानी नं.: ४४३

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००११११२२४
बबहरमहल,काठमाडौं

मितिः २०८१।०९।१८

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, सबै ।

**विषयः स्वास्थ्य बीमाको सेवा प्रवाह गर्ने सम्बन्धमा।**

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बिमितहरूलाई सेवा प्रदान गर्दै आइरहनु भएका सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । पछिल्लो समयमा, केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले बीमितहरूबाट अनावश्यक नगद लिने, प्याकेज दाबी गर्दा प्याकेजभित्र पर्ने औषधि तथा औषधीजन्य सामग्रीहरु नगदमा किनाउन लगाउने जस्ता स्वास्थ्य बीमा ऐन २०७४, स्वास्थ्य बीमा नियमावली २०७५, तथा अन्य लागू निर्देशिका र पत्राचारहरूको विपरीतका कार्य गरिरहेको सम्बन्धमा गुनासाहरू प्राप्त भएका छन् ।
यस विषयमा, स्वास्थ्य बीमा बोर्डले गुनासाहरूको समाधानका लागि गुनासाहरुको छानविन साथै स्थलगत अनुगमन पनि गरिरहेको छ । यसै क्रममा, ऐन, नियमावली, निर्देशिका तथा पत्राचारहरूको पूर्ण पालना गरी बिमितहरूको आर्थिक भार नबढाउने कार्य गर्नु/गराउनु हुन अनुरोध गरिन्छ। साथै, अनुगमनको क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाले नियमविपरीत कार्य गरेको प्रमाणित भएमा, स्वास्थ्य बीमा बोर्डसँगको सम्झौता खारेज हुने, साथै दाबीहरु जाँच गर्ने क्रममा स्वास्थ्य बीमा बोर्डको नयाँ सुविधा थैलीमा तोकिएको औषधिको Capping गरेको Quntity भन्दा बढी Quntity दाबी भइरहेकाले, उक्त दावीहरू सुविधा थैलीको आधारमा स्वतः IMIS मार्फत नै अस्वीकृत हुने र नयाँ सुविधा थैलीको आधारमा मात्र दाबी पेश गर्न हुन निर्देशानुसार जानकारीका लागि अनुरोध गरिन्छ ।

२०८१।०९।१८

पुण्य माया गुरागाई
(उप-सचिव)

बोधार्थः
श्री सम्पूर्ण शाखाहरु, स्वाथ्य बीमा बोर्ड, बबरमहल
श्री सूचना प्रविधि शाखा, स्वाथ्य बीमा बोर्ड, बबरमहल - सूचना website मा प्रकाशित गर्नुदिनु हुन ।
श्री प्रदेश शाखा कार्यालय सबै - आवश्यक सहजीकरण गर्नुहुन ।
श्री जिल्ला सम्पर्क शाखा कार्यालय सबै - आवश्यक सहजीकरण गर्नुहुन ।

Scanned with CamScanner